९. अधिकार प्रत्यायोजनः समितिले आफूलाई प्राप्त अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा सदस्यहरूको उप-समिति वा कुनै अधिकृतलाई आवश्यकता अनुसार प्रत्यायोजन गर्न सक्नेछ ।

१०. नियमहरू बनाउन सक्नेः समितिले आफ्नो कार्य सञ्चालनको लागि श्री ५ को सरकारको स्वीकृति लिई नियमहरू बनाउन सक्नेछ ।

११. श्री ५ को सरकारसंग सम्पर्कः समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

१२. निर्देशन दिनेः श्री ५ को सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

१३. समितिको कार्यालयः समितिको कार्यालय, प्रसूति गृह, काठमाडौंमा रहनेछ ।

आज्ञाले,
वासुदेव प्रधान
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

### लेखा समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) (चौथो संशोधन) नियमावली, २०४६

लेखा समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०३४ लाई संशोधन गर्न वान्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "लेखा समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) (चौथो संशोधन) नियमावली, २०४६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. लेखा समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०३४ को नियम ३ मा संशोधनः लेखा समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०३४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को, –

(१) उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) लेखा समूहमा राजपत्र अनङ्कित तृतीय श्रेणीदेखि राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिव तह) सम्मका पदहरू रहनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१क) को सट्टा देहायको उप-नियम (१क) राखिएको छः–

"(१क) राजपत्राङ्कित प्रथम श्रेणीमा सह-सचिव वा सो सरहको तह रहनेछ।"

(३) उप-नियम (१क) पछि देहायको उप-नियम (१ख) थपिएको छः–

"राजपत्राङ्कित द्वितीय श्रेणीमा देहायका तहहरू रहनेछन्ः–

(क) उप-सचिव वा सो सरह र

(ख) सहायक सचिव वा सो सरह"

३. <u>मूल नियमावलीको नियम ४ मा संशोधनः</u> मूल नियमावलीको नियम ४ को उप-नियम (१) को,–

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) राजपत्राङ्कित प्रथम श्रेणीको सह-सचिव वा सो सरहको पद रिक्त भएमा लेखा समूहका राजपत्राङ्कित द्वितीय श्रेणीको उप-सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,"

(२) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः–

"(क१) राजपत्राङ्कित द्वितीय श्रेणीको उप-सचिव वा सो सरहको पद रिक्त भएमा लेखा समूहका राजपत्राङ्कित द्वितीय श्रेणीको सहायक सचिव वा सो सरहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा,"

४. <u>मूल नियमावलीको नियम ६ मा संशोधनः</u> मूल नियमावलीको नियम ६ को उप-नियम (१) मा रहेको "श्री ५ को सरकारले महालेखा नियन्त्रकको सिफारिशमा" भन्ने वाक्यांशको सट्टा "श्री ५ को सरकारले चाहेमा सेवा परिवर्तनसम्बन्धी कार्यविधि अपनाई लोक सेवा आयोगसंग परामर्श लिई महालेखा नियन्त्रकको सिफारिशमा" भन्ने वाक्यांश राखिएको छ।

५. <u>मूल नियमावलीको नियम ७ मा संशोधनः</u> मूल नियमावलीको नियम ७ को उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

"(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लेखा समूहको राजपत्राङ्कित प्रथम श्रेणी सह-सचिव तह वा सो सरहको पदको कर्मचारी नेपाल प्रशासन सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अतिरिक्त सचिव वा सो सरहको पदको लागि हुने बढुवामा सम्भाव्य उम्मेदवार हुन पाउनेछ।"

६. <u>मूल नियमावलीको अनुसूचीमा संशोधनः</u> मूल नियमावलीको अनुसूचीको सट्टा यसैसाथ संलग्न अनुसूची राखिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची

(नियम ३ को उप-नियम (२) संग सम्बन्धित)

| रा.प. प्रथम श्रेणी सह-सचिव वा सो सरह | राजपत्राङ्कित द्वितीय श्रेणी | | राजपत्राङ्कित तृतीय श्रेणी | राजपत्राङ्कित प्रथम श्रेणी | राजपत्र अनङ्कित द्वितीय श्रेणी | राजपत्र अनङ्कित तृतीय श्रेणी |
|---|---|---|---|---|---|---|
| | उपसचिव वा सो सरह | सहायक सचिव वा सो सरह | | | | |
| १. सह-महालेखा नियन्त्रक | (१) उप-महालेखा नियन्त्रक | (१) सहायक महा-लेखा नियन्त्रक | (१) लेखा अधिकृत | लेखापाल | सह-लेखापाल | सहायक लेखापाल |
| २. मुख्य कोष नियन्त्रक | (२) प्रमुख कोष नियन्त्रक | (२) वरिष्ठ कोष नियन्त्रक | (२) कोष नियन्त्रक | | | |
| ३. मुख्य लेखा नियन्त्रक | (३) प्रमुख लेखा नियन्त्रक | (३) लेखा नियन्त्रक | (३) रक्षा लेखा अधिकृत | | | |
| | (४) रक्षा लेखा नियन्त्रक | (४) रक्षा सहायक लेखा नियन्त्रक | | | | |
| ४. सह-सचिव (लेखा) | (५) उप-सचिव (लेखा) | (५) सहायक सचिव (लेखा) | (४) द्वितीय सचिव (लेखा) | | | |

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।